नेपाल सरकार
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय

# जिल्ला विकास समितिको कार्यालय

मकवानपुर, हेटौडा

## आगामी आर्थिक बर्ष २०७४/७५ को जिल्ला विकास योजना तर्जुमाका आधार तथा सूचकहरु

आगामी आर्थिक बर्ष २०७४/७५ को जिल्ला विकास योजना तर्जुमा गर्दा गाउ विकास समितिहरु, नगरपालिका, उपमहानगरपालिका, विषयगत कार्यालयहरु र गैससहरुले योजना तथा कार्यक्रमहरु पहिचान, छनौट तथा प्राथमिकिकरण गर्दा निम्न आधार तथा सूचकहरुलाई मध्यनजर गरी योजना तथा कार्यक्रमहरु तर्जुमा गर्नको लागि अनुरोध गरिन्छ ।

| आधार | सूचक |
|---|---|
| राष्ट्रिय लक्ष्य/प्राथमिकता | चौधौ योजनाको लक्ष्य, उद्देश्य रणनीतिहरुको कार्यान्वयनमा प्रत्यक्ष योगदान पुग्ने गरी वार्षिक विकास योजना तर्जुमा गर्ने । |
| दिगो विकास | दिगो विकासका लक्ष्यहरु (SDGs) का सम्वन्धित लक्ष्यहरु हासिल गर्न सहयोग पुग्ने कार्यक्रमलाई प्राथमिकता दिने |
| सैघीयता | संघीय संरचना अनुसार स्थानीय तहको पुनसंरचनालाई सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गर्ने |
| क्षेत्रगत योजनालाई सघाउ पुर्‍याउने | प्रत्यक्ष सघाउ पुर्‍याउनेलाई पहिलो प्राथमिकता दिने । अप्रत्यक्ष रुपमा सघाउ पुर्‍याउनेलाई विश्लेषणमा आधारित गरी प्राथमिकता दिने |
| क्रमागत योजनाहरु | सम्पन्न हुन बाँकी योजनालाई अनिवार्य रुपमा छनौट गर्ने । |
| स्थानीय स्वायत्त शासन ऐनको दफा २०१ को प्रावधान | विशेष प्राथमिकता दिने । |
| प्रचलित ऐन नियम कार्यविधि तथा परिपत्र एवं मार्गदर्शनहरु | प्रचलित कानूनले तोकेको क्षेत्र एवं कार्यक्रमहरुमा कानूनले तोकेको प्रतिशतमा अनिवार्य रुपमा समावेश गर्ने । छनौटका आधारलाई अवलम्वन गर्ने भवन निर्माण आचार संहिताको परिपालना, वालमैत्री स्थानीय शासनको सूचकहरुको परिपालन । |
| समपुरक कोष | स्थानीय विकाससंग सम्बन्धित सरकारी, गैर सरकारी, निजी क्षेत्र, विकासका साझेदार संस्थाहरुसंग भएको सम्झौता बमोजिम समपूरक कोषमा अनिवार्य रुपले योगदान गर्ने |
| लक्षित समूह विकास कार्यक्रम | स्थानीय निकाय श्रोत परिचालन तथा ब्यवस्थापन कार्यविधि २०६९ को दफा १० बमोजिमको लक्षित समूहलाई प्रत्यक्ष फाईदा पुग्ने कार्यक्रम वा आयोजनामा लगानी गर्ने । |
| प्रत्येक निर्वाचन क्षेत्रमा ठूला नमूना पूर्वाधार निर्माण गर्ने | ४० लाख भन्दा बढी रकम विनियोजन गर्ने । नयाँ Track मा लगानी नगर्ने । सडक स्तरीकरणमा लगानी गर्ने । सडक, विद्युत, सिंचाई लगायतका क्षेत्रलाई समेट्ने, अन्य जिल्लासँग सम्पर्क गराउने, मानव बस्ती लाभान्वित हुने, उत्पादन/रोजगारी र सेवा सुविधा वृद्धिमा सघाउने |
| निरोधात्मक एवं प्रवर्दनात्मक विकास पूर्वाधार निर्माण गर्ने | गाँजा खेतिलाई प्रतिस्थापन गर्ने, दाउराको खपत घटाउने, फोहर दुर्गन्ध हटाउने तर कृषि उत्पादन बढाउने, सरसफाई तथा उर्जाको प्रवर्दन गर्ने, विद्यूत उपयोग भन्दा पनि उत्पादनलाई प्राथमिकता दिने योजनाहरुलाई विशेष प्राथमिकता दिईने । |
| योजनाले समेटेको क्षेत्र | बढी भन्दा बढी गा.वि.स.हरु/क्षेत्र, जनसंख्या र जनघनत्वलाई प्रतिफल दिने योजनालाई प्राथमिकताक्रममा पहिलो स्थान दिने |
| विशेष सम्भावना | स्थान विशेषको मौलिक सम्भावनालाई सम्बोधन गर्ने । |
| विशेष संरक्षण | चुरे क्षेत्रमा वन व्यवस्थापन, संरक्षण तथा तटबन्ध अन्य क्षेत्रका खेतियोग्य जमिनको क्षेत्र तथा बस्ती बचाउ, जलाधार क्षेत्र संरक्षण तथा व्यवस्थापन आदिमा अनिवार्य रुपमा लगानी गर्ने । |
| क्षेत्रीय सन्तुलन | गा.वि.स. क्षेत्रको विशेष आवश्यकतालाई पहिचान गरी कुनै पनि गा.वि.स. क्षेत्रलाई योजना शुन्यको अवस्था हुन नदिने । त्यसै गरी कुनै पनि क्षेत्रलाई अत्याधिक योजना पर्ने अवस्था नहुने एवं क्षेत्रीय सन्तुलन मिलाउने गरी छनौट गर्ने । |
| राजश्वका श्रोतको दिगोपनामा योगदान | राजश्वका क्षेत्रको स्थायित्व र दिगोपनका लागि सोही क्षेत्र (विषय एवं भूगोल) मा अनिवार्य रुपमा लगानी गर्ने, जस्तैः ढुङ्गा, गिट्टी संकलन गरी राजश्व संकलन हुने क्षेत्रको पूर्वाधार विकासमा एवं जलाधार संरक्षण योजना पर्ने कुलेखानी प्रभावित क्षेत्रमा लगानी गर्ने |
| सहभागितात्मक योजना तर्जुमा प्रक्रिया | स्थानीय स्वायत्त शासन ऐन २०५५ को दफा १९९ बमोजिम योजना तर्जुमा प्रक्रिया अवलम्बन गर्ने । |
| राष्ट्रिय अभियान | नेपाल सरकारद्वारा सञ्चालित राष्ट्रिय अभियानहरु जस्तै पूर्ण सरसफाई अभियान, साक्षरता अभियान, घर भित्रको धुँवारहीत घोषणा आदी जस्ता कार्यक्रमलाई प्राथमिकता दिने । |
| आ.जि.वि.यो.लाई सघाउ पुर्‍याउने | आवधिक जिल्ला विकास योजनाले निर्धारण गरेको प्राथमिकता र भौगोलिक क्षेत्रका आधारमा प्राथमिकता निर्धारण गर्ने । |
| विपद् व्यवस्थापनमा | विपद् तथा जोखिम न्यूनीकरण गर्ने योजनाहरुको छनौटलाई प्राथमिकता र विपद् व्यवस्थापनमा लगानी गर्ने । |
| भूकम्प पछिको पुनःनिर्माण | भूकम्पवाट क्षती भएका सार्वजनिक पूर्वाधारहरुको मर्मत, पुनर्निमाणलाई प्राथमिकता |
| जलवायु परिवर्तन | जलवायु परिवर्तन अनुकुलन, विपद व्यवस्थापन, विपदपछिको आवश्यकता आंकलन संरचना (PDNA Framework)मा ध्यान दिने । |

जिल्ला विकास समिति, मकवानपुर